प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, धादिङ**
बागमती प्रदेश
(कार्यक्षेत्र धादिङ जिल्ला)

फोन नं. ०१०५२०१२८/४१८
website: akcdhading.gov.np
Email-akcdhading@gmail.com

पत्र संख्या :-०७७/७८ प्रशासन
चलानी नं. :

धादिङबेसी, नेपाल
मितिः २०७७/७/२१

# कार्यक्रमको प्रस्ताव माग सम्बन्धमा सूचना !

**दोस्रो पटक पुनः प्रकाशित मितिः २०७७/०७/२१**

कृषि ज्ञान केन्द्र, धादिङको आ.व. २०७७/७८ को स्विकृत वार्षिक कार्यक्रम अनुसार ५०% साझेदारीमा सञ्चालन हुन गईरहेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना-PMAMP अन्तर्गत ब्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रममा सहभागी हुन तपसिलमा उल्लेखित स्थानीय तह भित्रका ईच्छुक कृषि समूह/ कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुबाट रितपूर्वक प्रस्ताव पेश गर्नका लागि यस अघि आव्हान गरिएको सूचनाको अवधि मिति २०७७/०७/०३ गते भित्र कुनै पनि सरोकारवालाहरुबाट प्रस्ताव पेश हुन नआएकाले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।ईच्छुक कृषि समूह/ कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (२०७७/०७/२७ गते) भित्र कार्यविधिमा उल्लेखित ढाचाँ अनुसारको प्रस्ताव सहित यस केन्द्रमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै रित नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

**ब्लक कार्यक्रमसँग सम्बन्धित बाली र कार्यान्वयन हुने स्थानीय तहहरुः**

| क्र.सं | स्थानीय तह | ब्लक | लक्ष्य/संख्या | कृषि ज्ञान केन्द्रको अधिकतम साझेदारी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | धुनिबेशी नगरपालिका | तरकारी | १ वटा | अधिकतम रु.२५ लाख प्रति प्रस्ताव | प्रधान मन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यन्वयन म्यानुअल २०७७ अनुसार प्रस्ताव तयार हुनु पर्ने। |
| २ | थाँक्रे गाउँपालिका | तरकारी | १ वटा | अधिकतम रु.२५ लाख प्रति प्रस्ताव | |
| ३ | बेनिघाट रोराङ गाउँपालिका | धान | १ वटा | अधिकतम रु.२५ लाख प्रति प्रस्ताव | |
| ४ | त्रिपुरासुन्दरी गाउँपालिका | तरकारी | १ वटा | अधिकतम रु.२५ लाख प्रति प्रस्ताव | |
| ५ | गंगाजमुना गाउँपालिका | अंगुर | १ वटा | अधिकतम रु.२५ लाख प्रति प्रस्ताव | |

**आवश्यक कागजातहरुः**

१) रु.१०।- को हुलाक टिकट टाँस गरी कार्यविधिमा तोकिएको ढाँचामा प्रस्ताव सहितको निवेदन माग फाराम ।
२) कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी ।
३) सम्बन्धित नगरपालिका/गाउँपालिकाको कृषि शाखा र वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।
४) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपी तथा अख्तियारी पत्र ।
५) सञ्चालन गरिने कार्यक्रमको प्रस्तावना (कार्यविधिमा उल्लेखित अनुसूची-१० अनुसारको विस्तृत लागत खर्च ईष्टिमेट र विस्तृत डिजाईन सहित) ।
६) प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनमा सहयोग हुने अन्य सहयोगी कागजात ।
७) खेती गरिने जमिनको जग्गाधनी प्रमाण-पत्र (लालपुर्जा) को प्रतिलिपी/लिजमा लिएको जमिन भए कम्तीमा १० वर्षको कारारनामा भएको कागजातको प्रतिलिपी ।
८) कार्यक्रममा संलग्न हुन चाहने साझेदारले आँफु संलग्न हुन चाहेको कार्यक्रमको कुल लागतको ५०% लगानी गर्ने श्रोतको सुनिश्चित पत्र ।
९) सूचना प्रकाशन भएको मिति ७ (सात) दिन (मिति २०७७/०७/२६ गते) सम्म कार्यालय समय भित्र निवेदन दर्ता गराई सकेको हुनुपर्ने छ ।
१०) अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।

***थप जानाकारीको लागि-कृषि ज्ञान केन्द्र, धादिङ र फोन नं.०१०-५२०१२८ मा सम्पर्कका साथै केन्द्रको वेभसाईट moald.gov.np मा हेर्न सकिने छ ।**

झलकनाथ कँडेल
प्रमुख